
Transport for NSW

# सडक सुरक्षा




## स्कूल बसहरू नजिकै सुरक्षित रूपमा गाडी चलाउने

बसहरूले ड्राइभरहरूलाई स्कूलका बच्चाहरूलाई चढाइरहेको वा तल झारीरहेको र त्यहाँ बच्चाहरू बाटो पार गरिरहेका वा पार गर्न लागेका हुन सक्छन् भन्ने चेतावनी दिन संकेतहरू र झिलिकमिलिक गर्ने बत्तीहरू प्रयोग गर्छन्।

कानून अनुसार तपाईंले बत्तीहरू झिलिकमिलिक गरिरहेका बेला उही दिशामा भएका बसहरूलाई 40km/h भन्दा बढी गतिमा गएर उनीहरूको अगाडी जान मिल्दैन। बस चाहे स्थिर होस् वा चलिरहेको होस्, यही नियम लागू हुन्छ।

ठूला र भारी सवारी साधन भएकाले बसहरू छिटो रोकिन सक्दैनन्। उनीहरूको अन्य सवारी साधनहरू भन्दा धेरै ठूला नदेखिने (ब्लाइन्ड) स्पटहरू पनि हुन सक्छन्। त्यसैले, याद गर्नुहोस्:

- सो भन्दा पनि कम गति सीमा लागू नभएसम्म बसका बत्तीहरू झिलिकमिलिक गरिरहेको बेला गति 40km/h मा घटाउनुहोस्
- सडक पार गर्दैगरेका वा गर्न लागेका बालबालिका प्रति सावधान रहनुहोस्
- बस बिसौनी वा बस क्षेत्र भित्र वा नजिकै कहिल्यै पार्किङ नगर्नुहोस्
- बसहरूलाई बाटो दिनुहोस्

**अनौपचारिक स्कूल बस बिसौनीहरू**

ग्रामीण र देहात क्षेत्रहरूमा धेरै अनौपचारिक स्कूल बस स्टपहरू हुन्छन् जसमा बस आश्रयहरू जस्ता संकेत वा संरचनाहरू छैनन्। उनीहरू ड्राइभवेको अन्त्यमा वा सडकको छेउमा हुन सक्छन्, जसले गर्दा बच्चाहरूलाई देख्न गाह्रो हुन सक्छ।

बसको बत्ती झिलिकमिलिक गरेको समयमा 40km/h मा गति घटाउनु होस्, संकेतहरू पालना गर्नुहोस्, र सडक पार गर्ने बच्चाहरू प्रति सजग रहनुहोस्। रोकिएर बसेको बसले बच्चाहरूको दृश्य छेक्न सक्छ, त्यसैले चालकहरूले गति कम गर्न आवश्यक छ।

**बच्चाहरूले तपाईंबाट सुरक्षित सडक प्रयोगकर्ता बानीहरू सिक्छन् र एक्लै यात्रा गर्न सक्ने उमेर पुगेपछि पनि ती बानीहरूलाई जारी राख्छेन्।**

सडकको वातावरणमा बच्चाहरूलाई सुरक्षित राख्ने बारेमा थप जानकारीको लागि **safetytown.com.au** मा families (परिवार) सेक्सनमा जानुहोस्।

स्टक कोड 45095278 जुन 2024 © NSW को लागि यातायात

NSW GOVERNMENT

NSW सडकमा धेरैले ज्यान गुमाए।
**हाम्रो लक्ष्य शून्य हो।**

TOWARDS ZERO